नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले जकातुल् फित्र प्रत्येक मुस्लिम, दास र स्वतन्त्र, पुरुष र महिला, साना र वृद्धमाथि अनिवार्य गर्नुभएको छ र मानिसहरूलाई ईदको नमाजको लागि निस्कनु अघि नै चुक्ता गर्ने आदेश दिनुभएको छ।

अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्: "नबी (सल्लल्लाहु
अलैहि वसल्लम) ले जकातुल् फित्र प्रत्येक मुस्लिम, दास र स्वतन्त्र, पुरुष र महिला,
साना र वृद्धमाथि अनिवार्य गर्नुभएको छ र मानिसहरूलाई ईदको नमाजको लागि निस्कनु अघि
नै चुक्ता गर्ने आदेश दिनुभएको छ।" [सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले रमजानको समाप्ति पश्चात् 'जकात-उल-फित्र' अनिवार्य गर्नुभएको छ, जसको निर्धारित मात्रा 'एक साअ' अर्थात् 'चार मुद' बराबर हुन्छ। 'मुद्': वास्तवमा यो एक औसत व्यक्तिको दुवै हत्केला (अञ्जुली) भरिने मात्राको खजुर वा जौको मापन हो। 'जकात-उल-फित्र' प्रत्येक त्यस्तो मुस्लिममाथि अनिवार्य छ, जससँग आफ्नो र आफ्नो परिवारको निम्ति एक दिन र एक रातका लागि पर्याप्त भोजन उपलब्ध छ; चाहे ऊ स्वतन्त्र नागरिक होस् वा दास, पुरुष होस् वा महिला, बालक होस् वा वृद्ध। प्रत्येक व्यक्तिले आफ्नो र आफ्नो परिवारका सम्पूर्ण सदस्यहरूको तर्फबाट जकात-उल-फित्र भुक्तान गर्नुपर्दछ। र उहाँले ईदको नमाजको लागि बाहिर निस्कनु अघि नै जकात उल फित्र तिर्न आदेश दिनुभयो।

http://sunnah.global/hadeeth/ne/show/4520